**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०४ जून २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा वेनेजुएलाका कार्यवाहक राष्ट्रपति **डेल्सी रोड्रिगेज सित** वार्ता गर्नु हुनेछ।

- गृह मंत्री अमित शाहले आज मेघालयको शिलांगमा **उत्तर पूर्वी परिषदको 73 औ पूर्ण सत्रको** अध्यक्षता गर्नु हुनेछ।

- वाराणसीमा आज देखि **ब्रिक्स संस्कृति कार्य समूहको** दोस्रो बैठक शुरू हुनेछ।

- विश्व स्वास्थ्य संगठनले चेतावनी दिएको छ, कांगो लोकतांत्रिक गणराज्यमा इबोला बीमारीको प्रकोप तिव्र गतिमा फैलिरहेको छ।

- साफ महिला च्याम्पियनसिपको सेमिफाइनलमा भुटानलाई १–० गोल अन्तरले पराजित गर्दै भारत फाइनलमा प्रवेश गरेको छ ।

**पीएम-वेनेजुएला राष्ट्रपति वार्ता**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा वेनेजुएलाका कार्यवाहक राष्ट्रपति **डेल्सी रोड्रिगेज सित** वार्ता गर्नु हुनेछ। दुइ नेता ऊर्जा सुरक्षा, व्यापार, निवेश, दवाइ उद्योग, स्वास्थ्य सेवा अनि नवीकरणीय ऊर्जा सहित विभिन्न क्षेत्रहरुमा सहयोग बढ़ाउनेमा चर्चा गर्ने  छन्।राष्ट्रपति डेल्सी रोड्रिगेज पांच दिनको भारत यात्राका लागि हिजो नयाँ दिल्ली आइ पुग्नु भएको छ। विदेश मंत्रालयले भनेको छ भारत अनि वेनेजुएला बीच ऊर्जा, व्यापार अनि वैश्विक दक्षिणको मुद्दाहरुमा मजबूत सहयोग छ। यो यात्रा दुइ देशबीचको द्विपक्षीय संबंधलाई अझ मजबूत बनाउनमा सहायक हुनेछ।

**वाराणसी-ब्रिक्स बैठक**

प्रधानमंत्री नरेन्द्र मोदीको संसदीय क्षेत्र वाराणसीमा आज देखि **ब्रिक्स संस्कृति कार्य समूहको** दोस्रो बैठक शुरू हुनेछ। दुइ दिनसम्म चल्ने यस बैठकमा चीन, ब्राज़ील, मिस्र, इथियोपिया अनि इंडोनेशिया सहित 11 देशका प्रतिनिधिहरुले भाग लिनेछ। बैठकमा वरिष्ठ राजनयिक, नीति-निर्माता अनि संस्कृति विशेषज्ञ सांस्कृतिक सहयोगलाई बढ़ावा दिने अनि आपसी साझेदारीलाई बलियो गर्नेमा विचार-विमर्श गर्नेछ। जी-20 बैठकहरुको सफल आयोजन पछि वाराणसीले एक पल्ट फेरी महत्वपूर्ण अंतरराष्ट्रीय कार्यक्रमको आयोजन गरिरहेको छ।

**प्रधानमंत्री-योगासन**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो, योग बिश्व भरि लोकप्रिय भइरहेको छ। सोशल मीडिया पोस्टमा उहाँले आज गुजरातको अहमदाबादमा आयोजित प्रथम विश्व योगासन खेल चैंपियनशिप-2026 मा वर्चुअल माध्यमले सामेल हुने जानकारी दिनुभयो।

प्रधानमंत्रीले भन्नुभयो, यस प्रतियोगिताले बिश्वभरीका योग प्रेमिहरुलाई एक मंचमा ल्यउने काम गरेको छ। उहाँले यस योगासनको वैश्विक खेल विकासको दिशामा एक महत्वपूर्ण उपलब्धि बताउनु भयो अनि आयोजनकर्ताहरु तथा प्रतिभागिहरुलाई  शुभकामना दिनु भयो।

**अमित शाह-त्रिपुरा भ्रमण**

गृह मंत्री अमित शाह आज बेलुकी त्रिपुराको दुइ दिने भ्रमणमा अगरतला पुग्नु हुनेछ। यस अवधि उहाँले पुष्पबंत पैलेस होटलको आधारशिला राख्नु हुनेछ अनि लंकामुरामा सीमा सुरक्षा बलको एक सीमा चौकीको भ्रमण पनि गर्नु हुनेछ। श्री शाहले राज्य अनि केंद्रका सुरक्षा अधिकारिहरुसित उच्चस्तरीय बैठक पनि गर्नु हुनेछ। उहाँको यात्राको मद्देनजर राज्य सरकारले प्रशासनिक अनि सुरक्षा मामिलाको एक उच्चस्तरीय बैठक आयोजित गरेको छ।

**उत्तर-पूर्वी परिषद बैठक**

गृह मंत्री अमित शाहले आज मेघालयको शिलांगमा **उत्तर पूर्वी परिषदको 73 औ पूर्ण सत्रको** अध्यक्षता गर्नु हुनेछ। बैठकमा पूर्वोत्तर क्षेत्रको विकाससित जोडिएको विभिन्न मुद्दा अनि परियोजनाहरुको प्रगतिको समीक्षा गरिनेछ।

बैठकमा पर्यटन, कृषि एवं बागवानी, निवेश, खेल, बुनियादी ढांचा, संपर्क सुविधा अनि हस्तशिल्प जस्ता क्षेत्रहरुमा चर्चा हुनेछ। यसका साथै पूर्वोत्तर क्षेत्रको समग्र विकासका लागि तयार गरिएको **'नॉर्थ ईस्ट विजन प्लान-2047'** मा पनि विचार-विमर्श गरिनेछ। बैठकमा पूर्वोत्तर क्षेत्र विकास मंत्री ज्योतिरादित्य सिंधिया, राज्य मंत्री सुकांत मजूमदार, पूर्वोत्तरका सबै आठ राज्यका राज्यपाल, मुख्यमंत्री, उत्तर पूर्वी परिषद सदस्य अनि केंद्र एवं राज्य सरकारका वरिष्ठ अधिकारी उपस्थित रहने छन्।

**पश्चिम बंगाल-वैष्णव भ्रमण**

रेलमंत्री अश्विनी वैष्णव शनिवार पश्चिम बंगाल आउनु हुनेछ। जहां उहाँले रोकिएका रेल परियोजनाहरुको प्रगतिको समीक्षा गर्नु हुनेछ। उहाँले, मुख्यमंत्री शुभेंदु अधिकारीसित नवन्नाको सभागारमा उच्चस्तरीय बैठक गर्नु हुनेछ। जसमा पूर्वी रेलवे, दक्षिण-पूर्वी रेलवे, पूर्वोत्तर सीमांत रेलवे अनि मेट्रो रेलवेको महाप्रबंधक पनि सामेल हुनेछन्। त्यही, संसदको रेलवे संबंधी स्थायी समितिका सदस्य पनि शनिवार दिउसो कोलकाता पुग्नेछ। उहाँले रेलवेसित जोडिएको विभिन्न संगठनहरुसित बैठक गर्नु हुनेछ।

**सरकार १२ वर्ष - व्यापार**

पछिलो 12 वर्षमा प्रधानमंत्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा 'सबका साथ, सबका विकास, सबका विश्वास अनि सबका प्रयास' को सिद्धांतहरुको आधारमा भारतमा उल्लेखनीय प्रगति भएको छ। सरकारले गरीबहरु, किसानहरु, महिलाहरु अनि युवाहरुको कल्याण तथा सशक्तिकरणका लागि अनेक महत्वपूर्ण कदम उठाएको छ।

आकाशवाणी समाचारले सरकारको पछिलो 12 वर्षको विभिन्न क्षेत्रहरुमा गरिएको प्रयासहरुको एक विशेष श्रृंखला प्रस्तुत गरिरहेको छ। आज हामी व्यापार गर्नमा सुगमता अर्थात् 'ईज ऑफ डूइंग बिजनेस'को क्षेत्रमा सरकारको प्रयासहरुमाथि चर्चा गर्नेछौ।

**विश्व स्वास्थ्य संगठन-इबोला**

विश्व स्वास्थ्य संगठनले चेतावनी दिएको छ, कांगो लोकतांत्रिक गणराज्यमा इबोला बीमारीको प्रकोप तिब्र गतिमा फैलिरहेको छ अनि यसलाई रोक्ने प्रयास हाल पर्याप्त भएको छैन। संगठनका महानिदेशक **टेड्रोस अधानोम घेब्रेयेसस ले** बीमारी माथि नियन्त्रणक लागि अनि तिब्र कार्रवाईको आवश्यकतामाथि बल दिनु भयो।
उहाँले भन्नुभयो इबोला वायरस अब उत्तर अनि दक्षिण किवु प्रांत सहित छिमेकी युगांडासम्म फैलिएको छ । मईको मध्य देखि हालसम्म 344 संक्रमणको पुष्टि भएको छ अनि 60 जनाको मृत्यु भइसकेको छ।

**ब्रिटेन विदेश मंत्री-भारत यात्रा**

ब्रिटेनका विदेश अनि राष्ट्रमंडल मामिला मंत्री **यवेट कूपर** दुइ दिनको आधिकारिक यात्रामा हिजो नयाँ दिल्ली आइ पुग्नु भयो। सुश्री कूपरले आज प्रधानमंत्री नरेन्द्र मोदीसित भेट गर्नुभयो।

उहाँले आज बेलुकी विदेश मंत्री डॉ. एस. जयशंकरसित पनि बैठक गर्नुहुनेछ। विदेश मंत्रालयले भन्नुभयो उहाँको यो यात्राले भारत-ब्रिटेन व्यापक रणनीतिक साझेदारीलाई अझ मजबूत गर्ने अवसर प्रदान गर्नेछ।

**ट्रंप-ईरान**

अमरीकी राष्ट्रपति डोनाल्ड ट्रंपले ईरानसित राजनयिक वार्ता सकारात्मक रूपले अघि बढ़ने बताउनु भए तापनि अंतिम समझौता संभावना अझै अनिश्चित रहेको कारण सतर्क गराउनु भयो। राष्ट्रपति ट्रंपले व्हाइट हाउसमा भन्नुभयो ईरान सित बातचीत जारी छ अनि संकेत दिनु भयो कि यो सप्ताहको अंतसम्म कुनै निर्णायक सफलता प्राप्त हुन सक्नेछ। उहाँले ईरानको यूरेनियम भंडार सुरक्षित गर्ने अमरीकी मनशाय पनि दोहोर्यउनु भयो।

यसै बीच, ईरानका विदेश मंत्री अब्बास अराघचीले भन्नुभयो अमरीकासित संचार माध्यम खुल्ला छ, तर वार्तामा कुनै ठोस प्रगति भएको छैन। उहाँले भन्नुभयो औपचारिक वार्ता ईरानका अधिकारको रक्षा, लेबनानमा संघर्ष समाप्त गर्ने अनि क्षेत्रीय तनाव कम गर्नेमा निर्भर गर्नेछ। अराघचीले चेतावनी दिए अनुसार लेबनानमा इजरायलको कुनै पनि हमलाको गंभीर परिणाम हुनेछ अनि यसले फेरी व्यापक स्तरमा युद्ध शुरू हुन सक्नेछ।

**सैफ महिला चैंपियनशिप**

साफ महिला च्याम्पियनसिपको सेमिफाइनलमा भुटानलाई १–० गोल अन्तरले पराजित गर्दै भारत फाइनलमा प्रवेश गरेको छ । भारतीय महिला फुटबल टोली छ वर्षको अन्तरालपछि हिजो मडगाउँ, गोवामा आयोजित साफ च्याम्पियनसिपको फाइनलमा पुगेको छ। खेलको ५८ औं मिनेटमा **सन्फिदा नोग्रामले** गोल गर्दै ६९औं स्थानमा रहेको भारतीय टोलीलाई फाइनलमा पुर्याएको हो ।

पाँच पटकको विजेता भारतले शनिबार हालको च्याम्पियन बंगलादेशको सामना गर्नेछ। खेल भारतीय समयअनुसार साँझ छ बजेर ३० मिनटमा हुनेछ । दोस्रो सेमिफाइनलमा नेपाललाई २–१ गोलअन्तरले पराजित गर्दै बङ्गलादेश लगातार तेस्रो पटक फाइनलमा पुगेको हो ।